# आर्थिक बर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

सुनकोशी गाउँपालिका
रामटार, सिन्धुली
२०८२

दोस्रो गाउँसभाको १७ औं अधिवेशनको ३५ औं बैठक

मिति २०८२ साल असार १ गते आइतबार सुनकोशी गाउँपालिकाका

अध्यक्ष श्री दिपा बोहोरा दाहाल ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

सुनकोशी गाउँपालिका

रामटार, सिन्धुली

२०८२ साल असार १ गते

आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,
सुनकोशीबासी आमा बुबा, दाजुभाई तथा दिदिबैनीहरु,

१.नेपालको संघीय गणतान्त्रिक संविधानले परिकल्पना गरेको समृद्धि र बिकास हासिल गर्न, सुनकोशी गाउँपालिकाको नागरिकहरुको जीवनस्तरमा रुपान्तरण गर्न र आगामी बर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमलाई बस्तुगत बनाइ नतिजा हासिल गर्न, यस सम्मानित दोस्रो गाउँसभाको १७ औं अधिवेशनको ३५ औं बैठकमा सुनकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ।दोस्रो कार्यकालको चौथो नीति तथा कार्यक्रम, हामीले विकास निर्माण र सेवा प्रवाहको क्षेत्रमा गरेका सकरात्मक अभ्यासहरुलाई निरन्तरता दिने तथा नविन परिकल्पनाहरु समावेश गर्न पाउने अवसरको रुपमा लिएको छु । यस सुखद अवसरमा सर्वप्रथम म सुनकोशी गाउँपालिकालाई सफल बनाउन भुमिका खेल्नुहुने सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, सम्पूर्ण सभा सदस्य ज्यूहरु, कर्मचारी परिवार, विभिन्न राजनीतिक पार्टीका नेताहरु र सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।
यस अवसरमा नेपालको विभिन्न चरणका लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
२.सुनकोशी गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रममा गाउँपालिकाको बर्तमान अवस्था र आवश्यकतालाई मध्यनजर गरी नविन सोच, नीति र कार्यक्रमहरुलाई समावेश गरिएको छ। नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार, संघ र बागमती प्रदेशले अवलम्बन गरेका आर्थिक

तथा वित्तीय नीतिहरु, आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै:- सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, पुर्ण सरसफाई, लगायतका अन्तर सम्बन्धित विषयहरुलाई संवोधन गर्न प्रस्तावित आगामी आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी सार्वजनीकरणका लागि पेश गरेको छु । यस नीति तथा कार्यक्रमले समृद्ध सुनकोशी गाउँपालिका निर्माण गर्ने हाम्रो अभियानलाई सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु ।

आदरणीय गाउँसभा सदस्य ज्यूहरु,

३.मिति २०८१ साल असोज ११ र १२ गते आएको अविरल बर्षाको कारण बाढी र पहिरो आइ करोडौंको धनजनको क्षति व्यहोर्नु परेको परिस्थितिमा आर्थिक बर्ष २०८१।८२ मा तय गरेका नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने र विपद व्यवस्थापन सम्बन्धि थप कार्यहरु गर्नुपर्ने चुनौतीपूर्ण समयमा पनि नागरिक स्तरमा, कर्मचारी परिवारमा र हामी जनप्रतिनिधहरुमा देखिएको क्रियाशीलताले सकरात्मक नतिजा हासिल भएको महसुस गर्न सकिन्छ।बाढी पहिरो र डुवानको समयमा उद्दार गर्ने राहत उपलब्ध गराउने सडकहरु खुलाउने विद्युत सुचारु गराउने खानेपानी र सिँचाइ प्रणाली मर्मत र निर्माण गर्ने र गाउँपालिकाबाट दुर दराजमा रहेका नागरिकहरु, जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरु, असक्त तथा आर्थिक रुपले कमजोर घर परिवारहरु, महिला तथा बालबालिकाहरु, सिमाङ्कित र उत्पिडित समूहहरु, किसानहरु र सवै सेवाग्राहीहरुको समस्याहरुलाई रेडक्रस लगायत विभिन्न सरकारी र गैरसरकारी संस्थाहरुको परिचालन गरी संवोधन गर्ने प्रयासले नागरिकहरुमा विपदको समयमा गाउँपालिकाले हेर्छ भन्ने विश्वास वृद्धि भएको छ।अस्थायी आवास निर्माण गर्ने र विपदको पूर्ववत अवस्थामा फर्किनको लागि संघीय सरकार, प्रदेश

सरकार र विभिन्न संघ संस्थाहरुको पहलमा विविध प्रयास र पहलहरु जारी राखिएको छ।

सुनकोशी गाउँपालिकाको विकास र समृद्धिको लागि आम नागरिकहरुको चासो र सहभागितामा बढोत्तरी भएको छ।नागरिकहरुको भावना अनुरुप सेवा प्रवाहलाई सुदृढीकरण गर्दै गाउँ गाउँमा सिँह दरबारको अनुभूति दिलाउनको लागि वडा कार्यालय स्वास्थ्य संस्थाहरु र विद्यालयहरु सुधार कार्यक्रमहरु निरन्तर संचालन भएको छ।उपलब्ध स्रोत साधन, शक्ति र सामर्थ्यलाई परिचालन गरि सुशासन कायम गराउने तर्फ गाउँपालिका अघि बढिरहेको छ ।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,

आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि म चालु आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रमगत केहि उपलब्धीहरुलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

- सुनकोशी गाउँपालिकाका नागरिकहरुलाई १४ वटा स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क स्वास्थ्य सेवा प्रदान भइरहेको छ ।वडा न २ दोभान डाँडामा यसै बर्ष बर्थिङ सेन्टर संचालनमा ल्याउने तयारी रहेको छ ।६ वटा वर्थिङ सेन्टरहरु पूर्ण रुपमा संचालन हुँदा बर्थिङ सेन्टर बाहिर हुने डेलिभरीको संख्या शुन्य हुनेछ ।
- नागरिकहरुको स्वास्थ्य संस्थामा पहुँच बढेको छ। न्यूनतम सेवा मापदण्ड गत बर्ष ६८ अंक प्राप्त भएकोमा यो बर्ष सुधार भइ ७३ अंक भन्दा बढी प्राप्त हुने अनुमान गरिएको छ।
- जेष्ठ नागरिक अपाङ्ग र असक्त तथा विपन्न नागरिकहरुले गाउँपालिकाबाट सम्झौता भए अनुरुप आत्मिय सामुदायिक अस्पतालमा ओपिडी सेवा २०१६ जनाले र १५५४ जनाले इमर्जन्सी सेवा लिइ निःशुल्क स्वास्थ्य उपचारको सेवा लिनुभएको छ।

- सबै चेकजाँच गर्ने सुत्केरीहरुलाई अध्यक्ष प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।रिफरल सुत्केरीहरुलाई एम्बुलेन्स भाडा प्रदान गरिएको छ ।
- रेयुकाइ अस्पताल बनेपासँगको सहकार्यमा ७ वटै वडामा आँखा शिवर संचालन भइ ६३५ जनाले सेवा प्राप्त गर्नुभएको थियो । समस्या देखिएका ५१ जना विरामीहरुलाई मोतियाबिन्दुको शल्यक्रिया सम्पन्न भएको छ।
- चालु आर्थिक बर्षमा ६२ जना दिर्घ रोगीहरुले आर्थिक सहायता प्राप्त गर्नुभएको छ भने ४८ जनाले सहुलियत उपचार सिफारिस पाउनु भएको छ ।३७ जनाले आर्थिक सहायता प्राप्त गर्नुभएको छ ।गम्भिर रोग लागि उपचाररत विरामीहरुलाई तथा विपन्न विरामीहरुलाई उपचार राहत खर्च तथा भत्ताहरु नियमित रुपमा उपलब्ध गराइएको छ ।
- एकिकृत घुम्ती स्वास्थ्य शिविर मार्फत ७११ जनाको प्रेसर र सुगर जाँच भएको छ । ५८० जनाको क्षयरोग स्क्रिनिङ परिक्षण गरिएको छ ।४३ जनाको खकार नमूना परिक्षण गरिएको छ ।
- स्वास्थ शाखा मार्फत सशर्त र गाउँपालिकाबाट विनियोजित कार्यक्रमहरु कुशलतापुर्वक सम्पन्न भइरहेको छ ।१५ वेडको अस्पताल निर्माण कार्यको बोलपत्र आव्हान गर्ने काम अन्तिम चरणमा पुगेको छ ।
- सबै विद्यालयहरुमा आवश्यक मात्रामा निःशुल्क स्यानेटरी प्याड वितरण सम्पन्न भएको छ ।
- शैक्षिक गुणस्तर सुधारका कक्षा १-३ कक्षा ५ र कक्षा ८ को गाउँपालिका स्तरीय मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ ।यस बर्षको कक्षा ८ को परिक्षा मूल्याङ्कनबाट गत बर्षको तुलनामा १० प्रतिशत बढी शैक्षिक वृद्धिदर भएको देखिएको छ । अतिरिक्त क्रियाकलापमा जोड दिइ विद्यार्थीहरुको विविध प्रतिभाहरुको पहिचान भएको छ ।
- कक्षा ९ र १० का ७०० जना भन्दा बढी विद्यार्थीलाई विरुवा रोपे बापत छात्रवृति स्वरुप रु १ हजार उपलब्ध गराइएको छ।एमबिबिएसमा नाम निकाल्ने ३ जनालाई बार्षिक २ लाखका दरले दिने रकम रु १ लाख

निकासा भइसकेको छ भने बाँकी भुक्तानीको लागि तयारी अवस्थामा रहेको छ ।एसइइमा उत्कृष्ट ल्याउने १ जनालाई रु एकलाख र प्राविधिक धार पढ्ने ५० जना विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको छ ।

- कक्षा १० का प्रत्येक विद्यालयका १५ /१५ जना विद्यार्थी सहित ३५० जनाको उपस्थितिमा विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम ऐतिहासिक रूपमा सम्पन्न भएको छ ।
- दिवा खाजामा स्थानीय खाद्यान्न प्रयोग गरि विद्यालयमा नै पकाउने व्यवस्थाको अनिवार्यता गरिएको छ।
- सुनकोशी गाउँपालिकाको मावि स्तरीय पाँचौ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता १० वटा माविका ७६० भन्दा बढी विद्यार्थी खेलाडीहरुको उपस्थितिमा भव्य सभ्य तरिकाले सम्पन्न गरिएको छ । गाउँपालिका स्तरीय प्रतियोगितामा ७६ जना विद्यार्थी खेलाडीहरु छनौट भइ जिल्ला स्तरमा सहभागी भएका थिए भने प्रदेश स्तरसम्म जाने विद्यार्थी खेलाडीहरु २१ जना रहेका थिए भने संघीय स्तरको प्रतियोगितमा यस गाउँपालिकाबाट २ जना खेलाडीहरु छनौट भएका छन ।
- जिल्ला खेलकुद महोत्सव र अन्तरपालिका खेलकुद प्रतियोगितामा यस गाउँपालिकाको प्रतिनिधित्व गरी खेलाडीहरु सहभागी भएका थिए ।
- एक घर एक खानेपानी धारा निर्माण कार्य अभियानकै रुपमा संचालन भएको छ ।स्थानीय क्लबहरु, व्यावसायीहरु, रेडक्रस, वन कार्यालयहरु र वडा कार्यालयहरुले आफ्नो आफ्नो क्षेत्रमा सरसफाइका कार्यक्रमहरु सम्पन्न गरेका छन ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सरलीकरण गर्न ४५०० जना सेवाग्राहीहरुलाई वडाका टोल टोलमा भत्ता वितरण गरिएको छ ।
- चालु आवमा ९५० जना सेवाग्राहीलाई व्यक्तिगत घट्नादर्ता सेवा प्रवाह गरिएको छ । ६००० सेवाग्राहीलाई अनलाइन राष्ट्रिय परिचयपत्र दर्ता सेवा प्रवाह गरिएको छ । सबै वडामा बायोम्याट्रिक डिभाइस जडान गर्ने तयारी रहको छ ।

- ७२ जना जेष्ठ नागरिकहरु तिर्थयात्रा तथा अवलोकन भ्रमण कार्यक्रममा सहभागी सहभागी भएर फर्किनुभएको छ ।
- बालदिवसमा २२१ जना विद्यार्थीहरुको उपस्थितिमा बक्तृत्वकला प्रतियोगिता संचालन भएको छ।लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा गायन प्रतियोगिता ८ स्थानमा संचालन भइ १०४८ जना उपस्थितिमा सम्पन्न भएको छ ।
- कक्षा १ देखि ५ सम्मका सबै विद्यार्थीहरुमा ५१५ जनामा राइटिङ ट्यावलेट ४६५ जनामा झोला र ६५० जनामा ज्यामिति बक्स गरी १६३० जनामा शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- गृहणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत सिलाइबुनाइ र व्यूटिसीयन तालिममा २० जना सहभागी भएका छन ।बौद्धिक अपाङ्गता भएका बालबालिकाको १४ जना अभिभावकलाइ बाटेको धुप बनाउने तालिम दिइएको छ । १ जनालाइ कृत्रिम खुट्टाको लागि रु १ लाख आर्थिक सहायता दिइएको छ ।
- १२ जना अन्तरजातीय विवाहित जोडीलाई सम्मान गरिएको छ ।१५ जना मास्टर पढ्ने अविवाहित छोरीहरुलाइ सम्मान र छात्रवृति प्रदान गरिएको छ ।१० वटा माविमा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको सचेतना कार्यक्रम तथा लागुपदार्थ दुर्व्यसनी र विद्युतीय अपराध न्यूनीकरण कार्यक्रम संचालन भएको छ ।
- सबै वडामा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरी लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण र क्षति कम गर्ने कार्य निरन्तर भएको छ
- न्यायिक समितलाई प्रविधिमैत्री र न्यायिक प्रणालीको अनुरुप संचालन गरिएको छ ।सुविधासम्पन्न न्यायिक समिति इजलास कक्ष निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।
- ५० जना कृषकहरुलाई किवी खेती सम्बन्धी आवासीय तालिम र २५ जना कृषकहरुलाई मौरीपालन सम्बन्धी आवासीय तालिम प्रदान गरिएको छ

।कृषि सम्बन्धी स्थलगत तालिमबाट ३२५ जना किसानहरु लाभान्वित भएका छन ।

- एक वडा एक कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सफल रुपमा निरन्तरता पाएको छ ।
- वडा न ७ नागी मतानबास मझूवा किवी  फलफूल तथा तरकारीको उत्पादन, वडा न ६ तीनखोप्रे लिफ्ट सिँचाइ र तरकारी उत्पादन, वडा न ५ मा एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत वन्दिपुरबाट लन्च भएको ठूलो परियोजना, वडा न ४ र ३ मा कालिमाटी आलुको ब्राण्डिङ र तरकारी करोडौंको उत्पादन, वडा न २ को तरकारी खेतीको लागि मेहनत र विक्रिवितरणको मात्रा, वडा न १ पकेट क्षेत्र साथै धान मकै र तरकारीको उत्पादनको मात्रालाई मध्यनजर गर्दा र पशुपंक्षी पालनमा भएको वृद्धिले कृषिमा आत्मनिर्भर हुनको लागि आधार तयार भइसकेको मान्न सकिन्छ ।
- एकिकृत घुम्ति शिविरमा १३२१ जना किसानहरुलाई मौसमी बेमौसमी तरकारीको मिनिकिट निःशुल्क वितरण गरिएको छ ।
- ४० घर परिवार लाभान्वित हुने गरी स्थानीय आलुको चिप्स निर्माण गरी बजारीकरण गर्न आलु खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी सम्पन्न भएको छ । ३५ घर परिवार लाभान्वित हुने गरी मकै बाली प्रवर्दन कार्यक्रम सम्पन्न भएको छ।
- मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम र नयाँ तरकारी पकेट विकास कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन ।
- कृषिमा आधुनिकीकरण गर्ने यन्त्रीकरण गर्ने र बजारीकरण गर्ने कार्य निरन्तर रुपमा भएको छ ।
- १४९९८ वटा पशुहरुमा पिपिआर र २२५० वटालाई लम्पिस्किन विरुद्धको भ्याक्सिनेसन भएको छ ।१३१ वटा कुकुरहरुको बन्ध्याकरण गरिएको छ ।घुम्ति शिविर मार्फत ८९३ जना किसानहरुमा पशुपंक्षीका लागि निःशुल्क औषधीहरु वितरण गरिएको छ ।

- वाख्रा पालन प्रवर्दन कार्यक्रम अन्तर्गत ४ जना कृषकहरु र बंगुरपालन प्रवर्दन कार्यक्रम अन्तर्गत १२ जना कृषकहरुलाई छनौट गरी कार्यक्रम अगाडी बढीरहेको छ ।
- रेविज विरुद्ध स्कूल शिक्षा कार्यक्रम १० वटा माविमा संचालन गरिएको छ ।
- यस बर्ष २१ वटा योजनाहरु इलेक्ट्रोनिक बोलपत्रको खरिद प्रक्रियाबाट संचालन भएका छन ।उपभोक्ता समितिबाट २७२ वटा विद्यालय व्यवस्थापन समितिबाट ९ वटा टोल विकास संस्थाबाट २ वटा कोटेशनबाट २ वटा योजनाहरु सम्झौता भइ कार्यान्वयनमा रहेका छन ।
- सडक कालोपत्रे र ढलान कार्य तथा सडक स्तरोन्नती गर्दै सबै सडकहरु १२ महिना नै संचालन हुने व्यवस्था गरिएको छ।
- यस बर्ष ८५ जनाले नयाँ व्यवसाय दर्ता गर्नुभएको छ ।१० जनाले व्यावसाय सूचिकृत गराउनु भएको छ भने १४ जनाले नवीकरण गर्नुभएको छ ।लघु उद्दम विकास कार्यक्रम अन्तर्गत १६ जनाले उद्मशीलता विकास र सिलाई कटाइ सम्बन्धी प्राविधिक सिप विकास तालिम लिएका छन ।
- प्रधानमन्त्री रोजगार अन्तर्गत यस बर्ष ४१ वटा योजनामा ६६ जना सूचिकृत बेरोजगार व्यक्तिहरुले न्यूनतम १०० दिनको रोजगारी पाएका छन ।रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण तथा सुरक्षा सामाग्री वितरण गर्ने कार्यक्रम ७ वटै वडामा संचालन गरिएको छ ।
- यस आवमा रोजगार सेवा केन्द्रबाट ८ जनालाई श्रम स्वीकृतीको सेवा प्रदान गरिएको छ भने २ जनालाई वैदेशिक रोजगारमा जाँदा दुर्घटनामा भएका श्रमिकका सन्तति छात्रवृति कार्यक्रममा सिफारिस गरिएको छ ।
- सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन गाउँपालिकाको कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा जनशक्ति र भौतिक सामाग्रीको व्यवस्थापन, इ हाजिरी र सफ्टवेयर प्रणालीको प्रभावकारी प्रयोग गरिएको छ ।

- सुनकोशी गाउँपालिकाको सामुदायिक सिकाइ केन्द्रबाट ३५ जना युवा युवतीहरुले कम्प्यूटर तालिम प्राप्त गरेका छन । वडा न २ मा ४० भन्दा बढी युवा युवतीहरुले कम्प्यूटर सम्बन्धी ज्ञान प्राप्त गरेका छन ।
- सवै वडा कार्यालय र स्वास्थ्य संस्थामा कम्प्यूटर ल्यापटप प्रिन्टर र इन्टरनेटको पर्याप्तता रहेको छ ।
- चालु आवमा हाल सम्म रु १ करोड ५३ लाख ५१ हजार ४ सय ६४ रुपैया ४९ पैसा राजश्व संकलन भएको छ।जस मध्ये विभाज्य कोष तर्फको ३७ लाख ६५ हजार ६५ रुपैया संघ र प्रदेशमा जम्मा भएको छ ।यस बर्ष हाल सम्म बढी राजस्व उठाउने वडाको रुपमा वडा न ५ रहेको छ ।
- आर्थिक बर्ष २०८०।०८१ को महालेखा परिक्षकको कार्यालयको प्रतिवेदन अनुसार यस गाउँपालिकाको बेरुजु प्रतिशत ०.२७ रही सिन्धुली जिल्लामा प्रथम हुन सफल भएको छ ।
- गत असोज ११ र १२ गते आएको बढीबाट क्षति भएका ४०४ घर परिवारलाई निजी अस्थायी आवास निर्माणको लागि पहिलो किस्ता बापतको रु १ करोड १० लाख निकासा हुने क्रममा रहेको छ ।
- देविस्थान बम्जनघाट कुशेश्वर मन्दिर रोशी तटबन्धन तथा करिडोर निर्माण कार्यको बोलपत्र आव्हान गर्ने तयारी अन्तिम अवस्थामा रहेको छ ।
- आर्थिक बर्ष २०८१।०८२ को आय र व्ययहरुको क्षेत्रगत उपलब्धिहरु बजेट सभामा प्रस्तुत हुने भएकोले यहाँ प्रस्तुत गरिएको छैन ।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,

४.अब म आगामी आ.व.२०८२।०८३ को विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम, मिति २०८१ साल असोज ११ र १२ गते आएको अविरल बर्षाको कारण रोशी र कोशीको बाढीले पुर्याएको क्षति तथा सबै वडामा बाढी र पहिरोको कारण पुर्याएको

क्षतिको परिपुरण गरी सामान्य अवस्थामा फर्किदै विपद जोखिम न्यूनीकरणका बलियो प्रतिकार्य योजनाको रुपमा रहने विश्वास लिएको छु ।

यसका साथै सुनकोशी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाइ समृद्ध बनाउने, सहकारी र वित्तीय क्षेत्रलाई उत्पादन र उत्पादकत्व वृद्धिका लागि परिचालन गर्ने, घरमै रोजगारी गोठमै व्यापार हुने अवस्थाको सिर्जना गर्ने, सबै नागरिकहरुमा निःशुल्क रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने, गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्ने, समाजमा व्याप्त कुरीति र कुसंस्कारको अन्त्य गर्दै विभेद र असमानतालाई हटाइ सामाजिक न्याय कायम गर्ने, दिगो सुरक्षित र भरपर्दो पक्की सडक भएको सफा र हराभरा गाउँपालिका निर्माण गर्ने, सबै नागरिकहरुमा एक घर एक धारा सहितको स्वच्छ र सफा खानेपानी वितरण गर्ने, गाउँपालिकाको आन्तरिक स्रोतको वृद्धि गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने, नागरिकहरुमा छिटो छरितो सरल र सहज तरिकाले प्रभावकारी सेवा प्रवाह गर्ने र सुशासन कायम गर्ने विश्वास लिएको छु ।

क.आर्थिक विकास

<u>कृषि</u>

- “कृषिमा आत्मनिर्भरता, गाउँपालिकाको समृद्धि” नारालाई अगाडी बढाउँदै एक वडा एक उत्पादन कार्यक्रमलाई अभियानकै रुपमा निरन्तरता दिइ संचालन गरिनेछ ।कृषि क्षेत्रको सुदृढीकरणका लागि सरकारी गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- अर्गानिक तरकारीमा आत्मनिर्भर गाउँपालिका निर्माणका लागि “एक घर एक करेसावारी (KITCHEN GARDEN)” निर्माण गर्ने कार्यक्रममा खेति योग्य जमिन नभएका किसान परिवारलाई समावेश गरिनेछ ।
- “सजिब माटो जैविक विविधता संरक्षणको बाटो” भन्ने कुरालाई आत्मसात गर्दै प्राङ्गारिक कृषिलाई प्रवर्दन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

- किसानहरुको मलको समस्यालाई समाधान गर्न संघ र प्रदेश सरकारका साथै सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।
- "कृषकको मुस्कान, सुनकोशीको गौरव" भन्ने नारा अगाडी बढाउँदै कृषि पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा विकास गरिनेछ। कृषिलाइ आधुनिकीकरण यन्त्रीकरण र वजारीकरणको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- सुनकोशी गाउँपालिकाको निर्माणाधिन चिस्यान केन्द्र (COLD STORE) संचालनमा ल्याउन बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।साथै एक वडा एक उत्पादन र एक कोलबुट निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
- "सिँचाइको सुविधा समृद्धिको सन्देश" भन्ने नारालाई आत्मसात गर्दै यस बर्ष सिँचाइ पूर्वाधार निर्माण तथा मर्मतसंभारको कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ।यस कार्यको लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सन्वय र सहकार्य गरिनेछ ।
- कृषि क्षेत्रको सुदृढीकरणका लागि सरकारी गैर सरकारी क्षेत्रहरु तथा कृषि विज्ञहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- सुनकोशी गाउँपालिकाको सबै किसानहरुको उत्पादनलाई पहिचान गरी बजारीकरणमा सहजीकरण गर्न हाट एप तथा करेसा एप मा संचालनमा ल्याइनेछ ।गाउँपालिकामा रहेका हाटहरु व्यवस्थित गर्दै संचालन गरिनेछ ।
- "घरमै रोजगार गोठमै व्यापार" अभियान संचालन गरी पशुपालनमा युवाहरुको सहभागिता बढाइनेछ । विदेशबाट फर्केका युवाहरुको क्षमतालाई उपयोग गर्न प्राविधिक र आर्थिक अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।
- व्यावसायिक माछापालनबाट हरित अर्थतन्त्रको विकास गर्न माछापालन कार्यक्रमलाई प्रवर्दन गरिनेछ
- जुनोटिक रोगको बारेमा जानकारी गराउन विद्यालय शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

- भुस्याहा कुकुरहरुको बन्ध्याकरण कार्यक्रम र रेबिज विरूद्धको खोप कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- पशुपंक्षिमा लाग्न सक्ने विभिन्न किसिमका महामारीजन्य रोगहरू उन्मुलनका लागि खोप कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- "दुध र मासुमा स्वच्छता जनस्वास्थ्यमा भरपर्दोता" नारालाई अगाडी बढाउदै पशुपंक्षीहरुको गोबर, रगत, दुध तथा अन्य परीक्षणका लागि गाउँपालिका स्तरीय पशु प्रयोगशाला निर्माणका लागि पहल गरिनेछ ।
- कृषकहरूको सम्पूर्ण सुरक्षाका लागि ५० प्रतिशत अनुदानमा पशुबीमा तथा कृषक बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "सानो लगानी राम्रो आम्दानी" अभियान संचालन गरि विपन्न नागरिकहरुको लागि कुखुरा हाँस टर्की कालिज लगायतका उच्च प्रतिफलको संभावना रहेका पंक्षीहरूको पालनमा अनुदान दिने व्यवस्था मिलाइनेछ।
- जलवायु परिवर्तनले कृषि क्षेत्रमा देखा परेका अवसर र असरहरुको पहिचान गरि अनुकुलन र प्रभाव न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- पशुपंक्षीमा लाग्न सक्ने रोगको प्रतिरोधात्मक क्षमता विकास तथा रोगको उपचारका लागि निःशुल्क औषधी तथा खोप कार्यक्रम संचालन गरिनेछ ।

उद्योग तथा वाणिज्य

- सुनकोशी गाउँपालिकाको स्थानीय उद्योग बाणिज्य संघ र अन्य संस्थाहरुसँग सहकार्यमा गरी सुनकोशी व्यापार मेला संचालन गरिनेछ ।
- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित लघु साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइ सीप विकासका तालिमहरु संचालन गरिनेछ ।
- स्थानीय ज्ञान सीप कला र उत्पादनलाई प्रोत्साहन गर्न गाउँपालिकाभित्र स्वागत र सम्मान कार्यक्रम गर्दा स्थानीय स्तरमा उत्पादन भएको ढाकाको खाँदा र स्थानीय उत्पादनको फूलको माला मात्रै प्रयोगमा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ । स्थानीय स्तरमा उत्पादन भएको सामानहरु खरिद

गर्ने व्यवसायीलाई खरिद मुल्यको आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

- स्थानीय खुर्पानी, किवी, लिची, अनार, जुनार, सुन्तला, आँप लगायतका फलफूलहरूबाट जाम जेली र जुस उत्पादनसँग सम्बन्धित साना तथा घरेलु उद्योग स्थापनाको लागि आवश्यक तालिम र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।
- सुनकोशी गाउँपालिकाभित्र उद्योग तथा व्यवसायको हब बनाउन उद्योग तथा व्यवसायमैत्री वातावरण तयार गरिनेछ ।
- उद्योग व्यापार र व्यावसायमा हुन सक्ने अनियमितता, गैरकानूनी कारोबार, विचौलिया र कालो बजारीलाई रोक्न नियमित अनुगमन तथा नियमनका कार्यहरु संचालन गरिनेछ । उपभोक्ताको हक संरक्षणका लागि संवेदनशीलता अपनाइनेछ । यस क्षेत्रमा हुने बालश्रमलाई अन्त्य गरिनेछ ।

पर्यटन

- "एक बस्ती एक आकर्षण" अभियान शुरु गर्दै गाउँपालिकाभित्रका सम्भाव्य पर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- महाभारत क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न वडा न १ बालुवा देखि ओद्रेकोट बन्दिरपुर हुँदै नाँगी मझुवा सम्म पदमार्ग निर्माणमा जोड दिइनेछ ।यस क्षेत्रमा स्थानीय होम स्टे सुविधाको प्रवर्द्धन गरिनेछ ।
- निकट भविष्यमा सुनकोशी मरिन डाइभर्सन र खुर्कोट चियाबारी सुरुङमार्गले आकर्षण गर्ने आन्तरिक र वाह्य पर्यटकहरुबाट लाभ लिन आवश्यक पुर्वाधार निर्माणमा जोड दिइनेछ ।
- पर्यटकिय गन्तव्यको रुपमा देविस्थान, खानीगाउँ, सिउरेनी, ओखेनी, काफ्लेचौर, डाँगी, बोल्दे, बुद्दपार्क, हिलेखर्क, फापरचुली, बन्दिपुर, मतनबास,

नाँगी गढी पर्यटन ट्रेल निर्माण र विकास गर्ने कार्यलाई निरन्तरता दिइ प्रचार प्रसारमा जोड दिइनेछ ।

- गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रहरुमा आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लोभ्याइ बसाई लम्बाउन पर्यटन व्यावसायी तथा होटल व्यवसायीहरुसँग पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन तथा स्थानीय उत्पादन प्रयोग गर्न आवश्यक छलफल समन्वय, र सहजीकरणका कार्यहरु निरन्तर गरिनेछ ।
- विपी हाइवे र ग्रामिण सडकहरुको सौन्दर्यता बढाइ पर्यटकहरुलाई आकर्षण नेपालथोक देखि खाल्टे सम्म एक व्यवसायी एक गुलमोहर तथा जारकण्डाको फूलको विरुवा हुर्काउन प्रोत्साहन गरिनेछ।
- सित्तलपाटी, मालेपाटी, मुलकोटपाटी, विपि पार्क, सहिद पार्क तथा बोटानिकल गार्डन र फापरचुली क्षेत्रमा पर्यटकहरुलाई आकर्षण गर्न विविध योजना तथा कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकाभित्रका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको पहिचान गरी संरक्षण र प्रचारप्रसार गरिनेछ ।
- नेपालथोक धरणीडाँडा विपीपार्क क्षेत्रको विशाल पहाडलाई साहसिक पदयात्रा HILL CLIMBING को रुपमा विकास गर्न पहल गरिनेछ ।
- पर्यटन प्रर्वद्धनका लागि सरकारी तथा गैरसरकारी क्षेत्र र निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा शैक्षिक सुधारको लागि अन्तर विद्यालय भ्रमण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- सुनकोशी गाउँपालिकाभित्र पर्ने विपी हाइवे क्षेत्रलाई सँधै सफा र सुन्दर बनाइनेछ । हाइवे क्षेत्रमा पर्ने कुशेश्वर मन्दिर परिसरको विकास, रामटार मुलकोट क्षेत्र र सहिद पार्क क्षेत्रको विकास र रातोडाँडा क्षेत्रमा स्टोन पार्क निर्माण तथा व्यवस्थापन गर्ने कार्यका लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।

- सुनकोशी जलमार्ग र पानीसँग सम्बन्धित पर्यटन विकासका लागि निरन्तर रुपमा सहजीकरण गरिनेछ ।

<u>सहकारी तथा वित्तीय क्षेत्र</u>

- सुनकोशीको आर्थिक विकास र रोजगारी सिर्जनाको आधारको रुपमा रहेका सहकारी तथा वित्तीय क्षेत्र प्रवर्द्धन गर्ने तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न विद्यालय तहदेखि नै सहकारी बचत व्यवसाय र वैङ्किङ सम्बन्धि आधारभूत शिक्षा दिन विद्यालय सहकारी तालिम संचालन गरिनेछ ।
- महिला सशक्तीकरण गर्न र सहकारीलाई SELF HELP GROUP को रुपमा विकास गर्न महिला सहकारीलाई विशेष प्राथमिकता दिइनेछ ।
- सहकारीहरुको स्थापित उदेश्य अनुरुपको कार्य सम्पादन निरन्तर अनुगमन मूल्याङ्कन गरिनेछ ।समस्या देखिएका सहकारीहरुको समस्या समाधानका लागि यथोचित व्यवस्था गरिनेछ ।
- "एक वडा ३ फरक उदेश्यका सहकारी" नीति अनुरुप सहकारीहरुलाई मर्ज गरी स्मार्ट सहकारी डिजिटल प्रणालीको रुपमा विकास गरिनेछ।
- "गाउँमै बैङ्क कार्यक्रम" सुचारु गरी गाउँपालिका भित्रका किसानहरुलाई सहुलियतपूर्ण ऋण प्रवाह गर्न सहकारी तथा वित्तीय संस्थाहरुसँग समन्वय र सहजीकरण गर्दै वडा स्तरमै वित्तीय सेवा केन्द्र (MICRO BRANCH) स्थापना गरिनेछ ।

ख.सामाजिक विकास

<u>शिक्षा</u>

- शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न विषयगत रुपमा शिक्षक कमी भएका विद्यालयहरुमा शिक्षकको अभाव हुन नदिन गाउँपालिकाबाट प्रदान गरिदै आएको शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।
- पूर्व प्राथमिक कक्षा/ बाल विकास केन्द्रहरुमा वाल मनोविज्ञानमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइनेछ । बालविकास सहयोगी

कार्यकर्ता तथा कर्मचारीहरुको न्यूनतम पारिश्रमिकको अतिरिक्त कार्य सम्पादनको आधारमा प्रोत्साहन पारिश्रमिक उपलव्ध गराइनेछ ।

- आधारभूत तहमा विद्यालय उमेर (५-१२ वर्ष ) का सम्पूर्ण बालबालिकाहरु विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने वातावरण सिर्जना गरी भर्ना सुनिश्चित गरिनेछ ।
- कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न आवश्यक सन्दर्भसामग्रीहरुको विकास तथाछपाइ गरी शिक्षकहरुमा नविनतम शिक्षण विधिको प्रयोग गर्ने ज्ञान, सीप र दक्षता अभिवृद्धिमा जोड दिइनेछ।
- सबै विद्यालयहरूमा बालमैत्री एवं अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास र समावेशी सिकाइ वातावरण प्रवर्धन गरी सबै तहका शिक्षालाई पहुँचयोग्य, सुरक्षित र वातावरण मैत्री बनाइनेछ ।
- बालबालिकाको सिकाइ प्रकृयामा सुधार गर्न अभिभावकहरुको सहभागिता वढाउन र विद्यालय व्यवस्थापन समिति एवं शिक्षक अभिभावक संघको क्षमता अभिवृद्रि गरी सुशासनयुक्त विद्यालय स्थापनामा जोड दिइनेछ ।
- दैनिक रुपमा अधिकांश समय बालबालिकाहरु अभिभावकसङ्ग नै रहने तथ्यलाई मध्येनजर गर्दै **अभिभावक शिक्षा**मा जोड दिइनेछ ।
- प्रारम्भिक कक्षा पढाइ ( कक्षा १-३) कार्यक्रमले बालबालिकाहरुको पठन सीप क्षमताको विकास गर्न सहयोग पुर्याएको नतिजालाई ध्यान दिदै यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कक्षा ८ र एसईईमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थी र विषयगत रुपमा उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षक तथा विद्यालयलाई सम्मान तथा पुरस्कारका लागि **विद्यार्थी-शिक्षक-विद्यालय सम्मान कार्यक्रम** गरिनेछ ।
- समुदायमा रहेको घट्दो बालबालिका संख्या तथा शिक्षाको गुणस्तर अभिवृद्धिलाई ध्यान दिदै भविश्यमा क्रमशः **एक वडा एक आवासीय विद्यालय कार्यक्रम** कार्यान्वयनलाई जोड दिइनेछ ।

- निवृत्तिभरण पाउन योग्य भएका र अनिवार्य अवकाश हुन कम्तिमा २ वर्ष भन्दा बढी समय बाँकी भएका शिक्षकले स्वेच्छिक राजिनाम दिएमा कम्तिमा ३ महिनाको आधारभूत तलब बराबरको प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।
- नियमानुसार सुत्केरी विदामा महिला शिक्षकहरु रहँदा लामो समयसम्म विद्यालयमा पठनपाठनमा बाधा पुग्ने भएकोले उक्त अवधिका लागि बैकल्पिक शिक्षकको व्यवस्था गर्न आवश्यक योजना तथा कार्यक्रम तय गरिनेछ ।
- शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन एवं बदलिदो शैक्षिक विधि तथा सामाग्रीहरुको बारेमा जानकारी गराई प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि शिक्षक तालिममा जोड दिइनेछ ।
- सबै विद्यालयहरुलाई प्रविधियुक्त बनाई विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई फेसलेस बनाउन विद्यालयमा ICT व्यवस्थापनलाई जोड दिइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापक- अध्यक्षसँग भएको ३५ बुँदे कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि त्रैमासिक रुपमा नतिजाको मापन सहित समीक्षा कार्यलाई जोड दिइनेछ । शिक्षक तथा विद्यालयको कार्यसम्पादन मूल्याङ्कनलाई कार्यसम्पादन सम्झौतासँग तादत्म्यता कायम गरिनेछ ।
- शिक्षकहरुमा आउन सक्ने विषयगत समस्याको समाधान गर्न तथा विषयगत सिकाइ उपलब्धिलाई अभिवृद्धि गर्न गठन गरिएको विषयगत समितिलाई क्रियाशील बनाई नतिजाउन्मुख बनाइनेछ ।
- यस गाउँपालिकाका स्थायी बासिन्दा भई यसै गाउँपालिकाबाट एसईई उत्तीर्ण गरी एमविविएस, इन्जिनियरिङ लगायत प्राविधिक धारमा अध्ययन

गरेका विद्यार्थीहरुलाई भविश्यमा पालिकामा सेवा पुर्याउन प्रोत्साहन गर्दैं। छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

- विद्यार्थीहरुको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन विद्यालयहरुमा सहअतिरिक्त क्रियाकलापहरुमा जोड दिइ माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता र वडा स्तरमा आधारभूत तह स्तरीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ। साथै विद्यार्थीहरुमा सामाजिक सद्भाव र सेवाको भावना जागृत गराउन नेपाल स्काउट, रेडक्रस र वाल क्लवहरुलाई क्रियाशिल गरिनेछ ।
- खेलकुदको माध्यमवाट युवा तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुयाउन विद्यालयहरुमा खेलकुद सामाग्री वितरणका साथै राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, अध्यक्ष कप, एवं जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सक्रिय सहभागिताका लागि आवश्यक सबै प्रकारका व्यवस्थापनमा जोड दिइनेछ ।
- विद्यालयमा हुने इन्टरनेट तथा विद्युत लगायतका खर्चका सम्बन्धमा विद्यालयलाई आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षक आपसी समिक्षा कार्यक्रम र युनिट टेस्ट समीक्षा कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयमा गाउँपालिकाबाट वितरण भएका आइसिटीका सामाग्रीहरुलाई FUNCTIONABLE बनाउन तथा शिक्षक र विद्यार्थीहरुमा आइसिटी सम्बन्धी क्षमता विकास गर्न सबै विद्यालयलाई हेर्ने गरी एक सूचना प्रविधि अधिकृतको व्यवस्था गरिनेछ ।

स्वास्थ्य

- "स्वस्थ सुनकोशी स्वस्थ सुनकोशीका नागरिक" अभियानलाई सफल बनाउन गाउँपालिकाभित्र रहेका आयुर्वेदालय, स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ र विद्यालय नर्सहरुबाट व्यवस्थित

र सुविधासम्पन्न रुपले स्वास्थ्य सेवा प्रवाहको लागि व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिइनेछ ।

- १५ वेडको अस्पताल निर्माण कार्यको ठेक्का आव्हान यसै चालु आर्थिक बर्षमा गरिनेछ ।१५ वेडको अस्पताल तयार नहुँदासम्म झाँगाझोली रातमाटा स्वास्थ्य चौकीबाट चिकित्सक सहितको ल्याब र एक्सरे सेवाहरुलाई व्यवस्थित बनाइनेछ ।
- "सुरक्षित मातृत्व सुनकोशीको दायित्व" भन्ने नारालाई सार्थक तुल्याउन वडा न २ मा निर्माणाधिन वर्थिङ सेन्टर सहित ६ वटा बर्थिङ सेन्टरलाई व्यवस्थित र विश्वसनीय बनाउँदै लगिनेछ । गर्वभती महिलाहरुलाई USG मेसिन मार्फत स्वास्थ्य परिक्षण गर्ने, निःशुल्क क्यालसियम चक्की वितरण गर्ने, पोषण कार्यक्रममा सहभागी गराउने, बर्थिङ सेन्टरमा प्रसुति सेवा लिन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने र नेपाल सरकारको प्रोटोकल अनुसार गर्वभती महिलाले स्वास्थ्य संस्थामा परीक्षण गराइ वर्थिङ सेन्टरमा सुत्केरी गराए वापत प्रत्येक सुत्केरी महिलालाई "अध्यक्ष प्रोत्साहन कार्यक्रम" मार्फत आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्यकर्मी र महिला स्वयम सेविकाहरुलाई आवश्यक तालिमको प्रवन्ध गर्ने उत्कृष्ट कर्मचारी घोषणा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले तोकेको आठ प्रकारका दिर्घ रोगीहरुलाई प्रदान गरिदै आएको स्वास्थ्य उपचार सहायतालाई निरन्तरता दिइनुका साथै सबै प्रकारको क्यान्सर तथा मृगौला सम्बन्धी विरामीलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार दोहोरो नपर्ने गरी विपन्न नागरिक सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई सरलीकृत गर्दै लगिनेछ ।
- "नागरिकको स्वास्थ्य हाम्रो प्रतिबद्धता- निःशुल्क सेवामा" भन्ने कार्यक्रम संचालन गर्दै निःशुल्क स्वास्थ्य सेवाको कभरेज बढाउन सामुदायिक आत्मीय अस्पतालसँग सम्झौता गरी सहकार्यमा गाउँपालिकाभित्रका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरु असक्त र विपन्न नागरिकहरुलाई प्रदान

गर्दै आएको निःशुल्क स्वास्थ्य उपचारलाई निरन्तरता दिइनेछ । पूर्ण निःशुल्क साझेदारीको लागि सामुदायिक आत्मीय अस्पतालमा गाउँपालिकाको एक जना चिकित्सक रहने व्यवस्था गरिनेछ ।

- स्वास्थ्य संस्थामा पहुच नभएका नागरिकहरुलाई पायक पर्ने स्थानमा विशेषज्ञ सहितको बहुपक्षीय स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिइनेछ।
- सामुदायिक आत्मीय अस्पताल खाल्टेसँगको सहकार्यमा जेष्ठ नागरिकहरुलाई निःशुल्क दाँत राख्ने कार्यक्रम र स्कूल ओरल हेल्थ कार्यक्रम संचालन गरिनेछ।
- किशोरकिशोरीहरुको प्रजनन स्वास्थ्यका लागि सुदृढ स्वास्थ्य सेवा एव व्यवहारिक यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम र रक्त अल्पता हुनबाट जोगाउन प्रत्येक हप्ता निःशुल्क आइरन फोलिक एसिड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नियमित औषधी सेवन गर्नुपर्ने सुगर प्रेसर लगायत विविध दिर्घरोगीहरुसँग गाउँपालिकाको नियमित निगरानी कार्यक्रम संचालन गरी औषधी किन्नका लागि आर्थिक सहायता उपलब्ध गराइनेछ ।

<u>खानेपानी तथा सरसफाई</u>

- स्वच्छ सफा र पर्याप्त खानेपानी नागरिकको अधिकार नीति अनुरुप मुहानहरुको संरक्षण र पानीको विनियोजन र लिफ्ट खानेपानी आयोजनाको लागि नेपाल सरकार प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी एक घर एक खानेपानी धारा निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।
- सिसा र प्लाष्टिक रहित गाउँपालिका निर्माणका लागि फोहरमैला व्यवस्थापनका विभिन्न कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।
- गाउँपालिकाको १० बर्षिय खानेपानी सरसफाइ र स्वच्छता योजना (WASH PLAN) कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

- सफा गाउँ/ शहर प्रतियोगित संचालन गरी खानेपानी तथा सरसफाइसँग सम्बन्धित संस्थासँग अनुगमन गराइ पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

<u>सस्कृति प्रवर्द्धन</u>

- "न हि संस्कृत्या: विना समृद्धि: सिध्यति" भन्ने भनाइलाई आत्मसात गर्दै सुनकोशी गाउँपालिकाभित्रका स्थानीय भाषा साहित्य कला र सस्कृतिको संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरी पर्यटकहरुलाई आकर्षण गरिनेछ ।
- गाउँपालिकामा रहेका गुम्बा, मठ, मन्दिरहरु, पोखरी र चौताराहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- लोपोन्मुख र अन्य जातीहरुको संस्कृतिको जगेर्नालाई आय आर्जन र जिविकोपार्जन कार्यक्रमसँग जोडिनेछ ।
- यस गाउँपालिकाभित्रको तामाङ नेवार मगर लगायत जनजाती समुदायहरुको कला र संस्कृति, दलित समुदायहरुको कला र संस्कृति, खस आर्य समुदायको कला र संस्कृति जगाउनको लागि कला र संस्कृतिसँग सम्बन्धित सामाग्रीहरु खरिद गरि हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

<u>लैङ्गिक समानता एंव समाजिक समावेशीकरण</u>

- न्यायपूर्ण समाजको जग निर्माणका लागि समानता र समावेशीकरण कायम गर्न आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण र वित्तीय समावेशीकरण, गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- महिलाहरुको आर्थिक समुन्नयनका लागि गृहणी महिला शसक्तीकरण कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई राष्ट्रिय मुलप्रवाहीकरणका कार्यक्रम संचालन गरिनेछ ।

- मानव वेचविखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ ।लैङ्गिक समानता र शसक्तिकरणका कार्यक्रम क्षमता र नेतृत्व विकास कार्यक्रम व्यावसायिक सीप विकासका कार्यक्रम बहस पैरवी तथा जनचेतनामूलक अभियान समूह सहकारी र सहुलियतपूर्ण ऋण कार्यक्रमहरु संचालन गरिनेछ ।
- घरेलु हिंसा वालविवाह वहुविवाह मानव बेचविखन यौन दुर्व्यवहार बालश्रम र विभेद जस्ता सामाजिक अपराधहरु न्यूनिकरणका लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुमा सचेतना एँव अभिमुखिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।साथै बालक्लब तथा किशोरी संजाल क्षमता विकास कार्यक्रम एंव जनप्रतिनिधी र सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- “A TRULY INCLUSIVE SOCIETY LEAVES NO ONE BEHIND” भन्ने विषयलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय लोपोन्मुख समुदाय र एकलहरुको हक र अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ ।
- सामाजिक सुरक्षा र मानव अधिकारका लागि सचेतना कार्यक्रमहरु संचालन गर्न सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभव आदान प्रदान एंव अन्तरपुस्ता अन्तरसीप हस्तान्तरण कार्यक्रमहरु संचालन तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।
- पारिवारिक रुपमा उपेक्षित अपहेलनामा परेका जेष्ठ नागरिकहरुको लागि गाउँपालिकास्तरमा एक जेष्ठ नागरिक आश्रमको व्यवस्था गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुको वडा समितिहरुमा जेष्ठ नागरिक मनोरञ्जनका सामाग्री प्रदान गरिनेछ ।

- घुम्ती शिविर संचालन गरी जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरणलाइ प्रभावकारी बनाइनेछ ।
- बुढेसकालमा हिडडुल गर्न सहजताको लागि गाउँपालिकाको साथ महसुस गराउन टेक्ने लठ्ठी वितरण कार्यक्रम संचालन गरिनेछ ।
- ३५ बर्ष भन्दा माथि ५९ बर्षसम्म अविवाहित महिलाहरुलाई आर्थिक सहयोग प्रदानलाई निरन्तरता दिइनेछ ।
- ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक सहायता एव आवश्यक सहयोगी सामाग्री उपलब्ध गराइनेछ ।
- बालमैत्री गाउँपालिका घोषणका लागि सूचकहरुको आधारमा कार्यक्रमहरु अगाडी बढिनेछ ।आर्थिक बर्ष २०८२।०८३ मा एक बाल बगैंचा र खुल्ला व्यायमशाला संचालन गरिनेछ ।
- हिंसाबाट पिडित महिलाहरु र विपद र जोखिममा परेका बालबालिकाहरुका लागि राहत तथा आर्थिक सहायता प्रदान गर्न आकस्मिक कोषको व्यवस्थापनलाइ निरन्तरता दिइनेछ ।
- निरक्षर महिलालाई साक्षर बनाउनका लागि महिला साक्षरता अभियान अगाडी बढाइनेछ ।
- स्नाकोत्तरसम्म अध्ययनरत छोरी बुहारी सम्मान तथा छात्रवृति कार्यक्रम संचालन गरिनेछ ।
- बालिकासँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

<u>युवा तथा खेलकुद</u>

- शिक्षा सीप र खेल विकासका लागि युवाहरुमा लगानी बढाइ युवाहरुमा सिर्जनशीलताको विकास गरिनेछ ।
- एक वडा एक खेलकुद मैदान निर्माण तथा स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र गाउँपालिका कप प्रतियोगिता संचालन गरी खेलकुदको विकास गरिनेछ । विद्यालय स्तरको

खेल सुदृढीकरणका लागि सबै मावि स्कूलहरुमा खेल सामाग्रीको व्यवस्था गरी खेल शिक्षक परिचालन गरिनेछ ।

- सुनकोशी गाउँपालिकाको आर्थिक सामाजिक र राजनीतिक विकासका गतिविधिहरुमा युवाहरुको परिचालन गरिनेछ ।
- युवा उद्दमीहरुलाई उद्योग तथा व्यवसाय दर्ता नविकरण ऋण सहुलियत र अनुदानमा विशेष व्यवस्था गरिनेछ ।
- सामाजिक विकृतिहरु, कुरिती र कुसंस्कार, घरेलु हिंसा, सामाजिक हिंसा, बालविवाह, बहुविवाह, सामाजिक विभेद र छुवाछुतजन्य अपराधहरुको न्यूनीकरणका लागि युवाहरुको परिचालन गरिनेछ ।
- लागू औषध दुर्व्यसन मूक्त सुनकोशी गाउँपालिका निर्माणका लागि गुरुयोजना तयार गर्नुका साथै सरोकारवालाहरुलाई अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- बालक्लब तथा युवा क्लबहरुको क्षमता विकासको लागि लगानी बढाइनेछ ।

<u>न्यायिक समिति र सामाजिक परिचालन</u>

- "स्थानीय न्याय, छिटो न्याय" भन्ने अवधारणालाई सार्थक बनाउन व्यवस्थित न्यायिक समिति प्रणाली, इजलास र सफ्टवेयरको प्रभावकारी संचालन गरिनेछ ।
- "JUDICIAL COMMITTEES ARE THE ROOTS OF COMMUNITY BASED JUSTICE" भन्ने भनाइलाई आत्मसात गर्दै न्यायिक समिति सप्ताह कार्यक्रम शुरुवात गरिनेछ ।

<u>पोषण सुधार सम्बन्धी</u>

- पोषण सम्बन्धि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरी पोषणमैत्री गाउँपालिका निर्माणका लागि सुझाव संकलन गरिनेछ ।

- सुनकोशी गाउँपालिकाका प्रजनन उमेर समूहका महिला, ५ बर्ष मुनिका बालबालिका र किशोरकिशोरीहरुमा हुने सबै खाले कुपोषण घटाउन बहुक्षेत्रिय पोषण योजना तथा प्रयासलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर चुस्त दुरुस्त राखि लक्षित समूहलाई अभिमुखिकरण गरिनेछ ।कुपोषण भएकाहरुको लागि विशेष उपचारको व्यवस्था गरिनेछ ।

<u>श्रम तथा रोजगार</u>

- सुनकोशी गाउँपालिकाको बेरोजगार सूचिमा सूचिकृत बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत पुरातात्विक ऐतिहासिक र पर्यावरणीय सम्पतिहरुको संरक्षण र मर्मत संभार कार्यहरुमा परिचालन गरी रोजगार प्रदान गरिनेछ ।
- "सिप सिकौं, आत्मनिर्भरताको लागि उद्दमशील बनौं, आफ्नो लागि" भन्ने नारालाई स्थापित गर्दै युवाहरुहरुलाई उद्दमशील र स्वरोजगार बनाउने नीति अबलम्बन गरिनेछ
- सुनकोशी गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई एकिकृत सेवा केन्द्रको रुपमा विकास गरिनेछ ।
- रोजगारीको अवसर पहिचान, समस्याको समाधान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार रणनीति गरी कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि श्रम स्वीकृति र पुन:श्रम स्वीकृतिको कार्य रोजगार सेवा केन्द्र मार्फत निरन्तर संचालन गरिनेछ ।
- बैदेशिक रोजगारीमा गएका र फर्किएका नागरिकहरुको तथ्याङ्क संकलन गरी पुन: एकिकरण गर्ने कार्यक्रम निरन्तर संचालन गरिनेछ ।
- वैदेशिक रोजगारलाइ सुरक्षित मर्यादित र व्यवस्थित बनाउन आवश्यक नीति तर्जुमा गरी सम्बन्धित सबै पक्षहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

ग.पूर्वाधार विकास

<u>सडक तथा पुल</u>

- “GOOD ROADS LEAD TO GREAT DEVELOPMENT” भन्ने भनाइलाई आत्मसात गर्दै एक वडा एक दिगो र सुरक्षित कालोपत्रे सडक निर्माण कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ।
  ।
- सडक निर्माणको क्रममा हुने क्षतिहरु कम, सुरक्षित र सुन्दर सडक क्षेत्र निर्माण गर्न तथा पर्यावरणमैत्री सडक बनाउनको लागि सडकको तल र माथी क्षेत्रमा उपयुक्त रुख विरुवाहरु रोप्ने कार्यमा विशेष ध्यान दिइनेछ ।
- गाउँपालिकाभित्र आवश्यक ठाँउमा झोलुङ्गे पुलहरु तथा पक्की पुलहरु साहसिक खेलका लागि पुलहरु तथा संरचनाहरु निर्माणको लागि सबै तहहरुसँग निरन्तर पहल गरिनेछ ।
- “जनताको बाटो जनताको माया” अभियान शुरू गरी ग्रामिण सडक तथा गोरेटोहरु निर्माण तथा मर्मत संभारमा स्थानीय सहभागिता अभिवृद्ध गरिनेछ ।

<u>सिंचाई</u>

- “सिँचाइले ल्याउछ हरियाली, हरियालीले ल्याउँछ समृद्धि” अभियान शुरु गरी खेतियोग्य जमिन र टारहरुमा सिँचाइ हुने व्यवस्था गरिनेछ ।
- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरु (थोपा स्प्रिङकल लिफ्ट आदि)लाई विशेष प्राथमिकतामा राखिनेछ ।
- “बर्षाको पानी संकलन गरौं, सिँचाइमा उपयोग गरौं” अभियान शुरु गरी एक गाउँ एक सिँचाइ पोखरी निर्माण गरिनेछ ।
- विपदबाट क्षति भएका कुलोहरुको पुननिर्माण तथा मर्मत संभार कार्य सम्पन्न गरी सुचारु गरिनेछ ।

## भवन तथा सहरी विकास

- "सुरक्षित भवन, सुरक्षित जीवन" भन्ने नारालाई सार्थक बनाउन सुनकोशी गाउँपालिकाभित्र भवन घर टहरा तथा संरचनाहरु निर्माण गर्दा नेपाल सरकार र गाउँपालिकाको भवन निर्माण आचारसंहिता तथा मापदण्डको पालना गराउने कार्य कडाइका साथ लागू गरिनेछ ।
- भवन आचारसंहिता र मापदण्ड विना निर्माण गरिएका संरचनाहरुलाई हटाउने कार्य शुरु गरिनेछ ।
- भू-उपयोग नीति अनुरुप वर्गीकरण भएको जमिनलाई सोही अनुसार उपयोग गर्न निरन्तर जोड दिइनेछ ।
- जोखिममा रहेका घर तथा बस्तीहरुको स्थानान्तरण गरी व्यवस्थित बस्ती विकासको नीति लागु गरिनेछ ।
- गाउँपालिकाभित्रका भूमिहिन दलितहरु, अव्यवस्थित बसोबासीहरु तथा सुकुम्बासीहरुलाई भूमिको उपलब्धता र आवासको लागि नेपाल सरकार र वाग्मती प्रदेश सरकारसँग पहल र समन्वय गरिनेछ ।

## उर्जा  लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

- सुनकोशी गाउँपालिकाभित्र वैकल्पिक उर्जाको प्रयोगमा विशेष जोड दिइनेछ। खाना पकाउने उर्जाको रुपमा प्रयोग हुँदै आएको दाउरा र सिलिन्डर ग्यासको विस्थापनका लागि विपन्न नागरिकहरुलाई विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- बातावरणीय प्रदुषणमा न्यूनिकरण गरी सफा स्वच्छ र सुन्दर सुनकोशी निर्माणको लागि विद्युतीय उर्जा र विद्युतीय सवारीको प्रयोग गर्न चार्जिङ स्टेसनहरु व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

## सूचना प्रविधि तथा संचार

- सुनकोशी गाउँपालिकाको सूचना प्रविधि शाखाले सुनकोशी गाउँपालिकाको पेज र वेवसाइटहरुबाट मासिक डिजिटल साक्षरता कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

- सुनकोशी गाउँपालिकाभित्र गुणस्तरीय टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी अनलाइन सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- सुनकोशी गाउँपालिकाको वेवसाइड र फेसबुक पेजहरु मार्फत सबै नागरिकहरुमा सूचनाको हक प्राप्त भएक महसुस गराइनेछ ।
- इमेल मार्फत सेवा प्रवाह र सहजीकरण र डिजीटल तथा अनलाइन सेवा प्रवाहलाई सुदृढीकरण गर्दै लगिनेछ । विद्यालयस्तरमा डिजिटल साक्षरता कक्षा संचालन गरी साइबर क्राइम तथा विद्युतीय अपराध र विद्युतीय संसारको फाइदा/वेफाइदाका बारेमा अभिमुखिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणालाई आत्मसाथ गर्दै सम्पूर्ण विकासका गतिविधिहरुलाई डिजीटल डकुमेन्टेसन निरन्तर गरिनेछ ।

घ.वातावरण तथा विपद व्यवस्थापन

<u>वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायु परिवर्तन</u>

- स्थानीय अनुकुल कार्ययोजना/स्थानीय विपद जोखिम तथा जलवायु उत्थानशील योजना निर्माण (LAPA/LDCRP) निर्माण गरी लागु गरिनेछ ।
- सुनकोशी गाउँपालिकाभित्रका भूमि तथा वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भू-संरक्षणका कार्यक्रमहरु संचालन गरि हरियो र सुरक्षित गाउँपालिका निर्माण गर्ने अभियानलाई निरन्तरता दिइनेछ
- खानेपानीका मुहान संरक्षण सुख्खा क्षेत्रलाई सिंचाइको व्यवस्था गरी वृक्षारोपण र ठुला रुखहरुको संरक्षण गर्ने कार्यमा विशेष ध्यान दिइनेछ ।
- रोशी खोला र सुनकोशी नदि क्षेत्र लगायत गाउँपालिका भित्रका खोला तथा कटान क्षेत्रमा तटबन्धन र वृक्षारोपणको ब्यवस्थाको लागि समन्वय र सहकार्य गरिनेछ ।

- वातावरण संरक्षण ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- “SAVE NATURE AND NATURE WILL SAVE YOU” भन्ने भनाइलाई आत्मसात गर्दै प्रकृति संरक्षण सम्बन्धी कार्ययोजना तयार गरी लागु गरिनेछ ।

<u>फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES</u>

- “आज सफा गरौं, भोली रमाइलो गरौं” भन्ने नारालाइ लागु गर्दै सप्ताह सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- एक घर एक स्थानीय सामाग्रीबाट निर्माण भएको डस्टविन राख्ने अभियान शुरु गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) को नीति अवलम्बन गरिनेछ ।
- सफा घर, सफा विद्यालय र सफा टोल निर्माण गर्ने नीति अनुरुप फोहरमैला व्यवस्थापन गर्ने घर विद्यालय र टोललाई पुरस्कृत गर्ने प्रणाली विकास गरिनेछ ।
- गाउँपालिकाको डम्पिङ साइडलाई व्यवस्थित गरिनेछ ।फोहरमैलाजन्य सबै दुर्गन्ध र असरबाट हुन सक्ने सबै किसिमका क्षतिहरुमा संवेदनशीलता अपनाइनेछ ।
- फोहरलाई मोहरमा परिणत गर्न वडा वडामा फोहर व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिनेछ ।

<u>जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन</u>

- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) तयार गरी लागु गरिनेछ ।
- मिति २०८१ साल असोज ११ र १२ गतेको अविरल बर्षाको कारण निम्त्याएको विपद र विपद व्यवस्थापनमा देखिएको चुनौतीहरुबाट पाठ सिक्दै गाउँपालिकाको विपद तथा प्रकोप व्यवस्थापन कोषलाई मजबुत

बनाइनेछ। साथै विपद व्यवस्थापन सम्बन्धि संघ, प्रदेश र जिल्ला स्थित विभिन्न निकायहरुसँग उचित समन्वय र सहकार्य गरिनेछ ।

- महामारी, भूकम्प, बाढी, पहिरो, आगजनी, चटयाङ, विद्युत सर्ट, डढेलो, जंगली जनावरहरुको आक्रमण लगायतको मानवीय तथा प्राकृतिक प्रकोपहरुबाट बच्न तथा विपदमा उद्दार राहत तथा व्यवस्थापनका लागि एकिकृत सूचना प्रणालीको विकास गरिनेछ ।
- सुनकोशी गाउँपालिकाको विपद व्यवस्थापन समिति र वडा विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ ।

ङ.संस्थागत विकास तथा सेवा प्रवाह

<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>

- गाउँपालिकाको समग्र विकासका लागि विभिन्न तालिम, गोष्ठी, भ्रमण, अध्ययन र अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका कर्मचारीहरु र जनप्रतिनिधीहरुको लागि व्यक्तित्व र नेतृत्व विकास, सकरात्मक सोंचको विकास र तनाव व्यवस्थापन सम्बन्धी तालिमहरु कम्प्यूटर र सफ्टवेयर प्रणाली सम्बन्धी ज्ञान र तालिमहरु र नैतिकता र आचरण सम्बन्धी तालिमहरु संचालन गरिनेछ ।
- सुनकोशी गाउँपालिका कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरुलाई समान तहमा समान सुविधा कायम गरी स्केल अनुसार तलब भत्ता उपलब्ध गराइनेछ ।साथै सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिनेछ ।
- कानून अनुसार उमेर हद पुगेका स्थायी तथा करारका शिक्षक, विद्यालय कर्मचारी र गाउँपालिकाका कर्मचारीहरूलाई अनिवार्य अवकास गरी स-सम्मान विदाइ गर्ने व्यवस्था गरिनेछ ।

- उत्कृष्ट कर्मचारीहरुको मनोबल बढाउन र अन्यमा उत्प्रेरणा जगाउन दण्ड र पुरस्कारको नीतिलाई अबलम्बन गरिनेछ ।अतिरिक्त समय खटिइ सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई कार्यविधि अनुरुप प्रोत्साहन गरिनेछ ।

<u>संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली</u>

- सुनकोशी गाउँपालिकाभित्र अपाङ्ग, असहाय, वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरि लक्षित वर्गमैत्री सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राखिनेछ।
- सवै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज डिजीटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ गरिनेछ ।
- “सकरात्मक सोँच, मुस्कान सहितको सेवा- यहि हो हाम्रो प्रतिवद्धता” भन्ने नारालाई कर्मचारी र जनप्रतिनिधिहरुको मुलमन्त्रको रुपमा स्थापित गर्दै पारदर्शी, जवाफदेही र मुस्कान सहितको सेवा प्रणालीको विकास गरिनेछ ।
- असक्त असाहाय र जेष्ठ नागरिकहरुलाई सेवाग्राही आराम कक्षबाटै सेवा प्राप्त गर्ने गरी सेवा सहजीकरण गर्न कर्मचारी परिचालन गरिनेछ ।
- “जनताको गुनासो हाम्रो चासो” कार्यक्रम अन्तर्गत जनतासँग अध्यक्ष र उपाध्यक्ष भेटघाट कार्यक्रम संचालन गरिनेछ ।

<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन</u>

- जेष्ठ नागरिक पूर्ण अपाङ्गता भएका सामाजिक सुरक्षा भत्तामा आवद्ध लाभग्राहीहरुलाई वडाको पाएको स्थानमा त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- जेष्ठ नागरिक सेवाग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नवीकरण सहजताको लागि प्रत्येक वडामा आँखाको नानीबाट स्क्यान हुने बायोमेट्रिक डिभाइस जडान गरिनेछ ।

## सेवा प्रवाहका मापदण्ड निर्धारण

- सेवाग्राहीहरुलाई सेवा प्राप्तिको लागि कार्यालयहरुमा प्रवेश गर्दा स्वागत गर्ने संस्कृतिको विकास गरिनेछ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङन LISA कार्यविधि अनुरुप गाउँपालिकालाई निरन्तर अपग्रेड गर्दै लगिनेछ ।
- सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्न आवश्यक कानूनहरु तथा कार्यविधिहरुको निर्माण गरिनेछ ।आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र सुनकोशी गाउँपालिकाबीच समन्वय सहकारिता र सह-अस्तित्वको आधारमा विकास निर्माण तथा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।
- छिमेकी गाउँपालिका तथा नगरपालिकाहरुसँग उपयुक्त क्षेत्रहरुमा अन्तर तह समन्वय र सहकार्यको नीति अवलम्बन गरी विकास निर्माणका कार्य तथा सेवा प्रवाह संचालन गरिनेछ ।
- राष्ट्रिय र अन्तराष्ट्रिय स्थानीय सरकारहरुसँग भगिनि सम्बन्धहरु स्थापित गर्दै सिकाइ आदानप्रदानको माध्यमबाट विकास निर्माण र सेवा प्रवाहका विधिहरुमा नविनता ल्याइनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी PPP को नीति अबलम्बन गरिनेछ ।
- सुनकोशी गाउँपालिका अन्तर्गत कार्यरत लिवर्ड, युएनडिपी, प्लान नेपाल, ह्यान्ड्स नेपाल, सिड्स नेपाल, जिएसडिपी नेपाल, रेडक्रस सोसाइटी, नेवा लगायत सरकारी तथा गैरसरकारी संस्थाहरुले पेश गरेका कार्यक्रमहरु गाउँपालिकाको उदेश्यसँग मिलान गर्दै समन्वय र सहकार्यमा संचालन गरिनेछ ।

- सुनकोशी गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी, टोल विकfस समिति, युवा क्लब तथा समिति र समूहरु वडा कार्यालयहरु र कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

<u>सेवा प्रवाहमा सुचना प्रविधीको प्रयोग</u>

- “डिजिटल पालिका, स्माट सेवा” निर्माणका लागि सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- गाउँपालिका कार्यालय वडाकार्यालयहरु स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा सूचना तथा प्रविधिको प्रयोग बढाउन आवश्यक विद्युतीय सूचना प्रविधिका सामाग्रीहरु प्रयोगलाई अनिवार्य वनाइनेछ ।

च.वित्तिय व्यवस्थापन र सुशासन

<u>राजस्व परिचालन वित्तीय अनुशासन र वित्तीय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने सबै सरकारी भुक्तानीहरु इलेक्ट्रोनिक फन्ड ट्रान्सफर EFT मार्फत बैङ्क खाताबाट मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ। अत्यावश्यक वाहेक कार्यालय सामाग्रीहरु खरिद गरिनेछैन । जिन्सी श्रेस्ता प्रणालीलाई प्रभावकारी प्रयोग गर्दै सार्वजनिक सम्पतिहरुको एकिन गर्ने र खरिद गुरुयोजना अनुरुप नयाँ खरिद कार्य गरिनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ । राजस्व संकलनको रणनीति अनुरुप सबैलाई करको दायरामा ल्याउने प्रयास गरिनेछ ।
- वहाल विरौटी कर, फोहरमैला तथा सरसफाइ शुल्क लगायतका राजस्व संकलनका क्षेत्रहरुमा क्लबहरु, सामुदायिक विद्यालयहरु तथा अन्य संस्थाहरुको परिचालन गरिनेछ ।
- नीतिगत स्थिरता र सुशासनका लागि आर्थिक बर्ष २०८१।८२ को नीतिहरुको निरन्तरता दिइ योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट र सुचना तथा संचार व्यवस्थापन

- गाउँपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानून अनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिनेछ । साथै नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाबाट संचालन हुने हरेक कार्यक्रमहरुको विवरण सोही दिन र एकिकृत आय व्यायको विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- बेरुजु र बेरुजु फर्छ्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ । गत बर्षहरुको बेरुजु संपरीक्षणका लागि कार्ययोजना तयार गरिनेछ ।
- असूल गर्नुपर्ने र पेश्की बाँकी वेरुजुहरु असुलको लागि अगाडी बढाइनेछ ।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,

५.सुनकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को प्रस्तावित नीति तथा कार्यक्रमले विकास र समृद्धि, सुशासन र सामाजिक न्याय कायम भएको सुनकोशी गाउँपालिका निर्माण गर्ने अभियानलाइ थप सहयोग गर्ने विश्वास लिएको छु। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबैको सक्रिय सहभागिता हुनेछ भन्ने विश्वास लिदै आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रम पारित गरिदिनु अनुरोध गर्दछु ।

६.अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने गाउँपालिकाको सम्पूर्ण कर्मचारी परिवार, इमेल र सामाजिक सञ्जाल मार्फत सुझाव र सल्लाह प्रदान गर्नुहुने स्थानीय राजनीतिक दलहरु, स्थानीय

समाचार माध्यमहरु, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु, संघ र प्रदेश स्तरका सबै सरकारी कार्यालयहरु, संघ प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु र नेपाल सरकार र वागमती प्रदेश सरकार प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत समन्वय, सुझाव र सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद ।